Pamphlet

# शबेबरातको उपलब्धीहरू

(Nepali)

# शबेबरातको उपलब्धीहरू

## प्यारो ﷺ नबीको महिना

**सबै भन्दा महान नबी ,अन्तिम नबी ,हाम्रा प्यारा नबी हजरत मुहम्मद صَلَّی اللہُ تَعَالٰی عَلَیْہِ وَاٰلِہٖ وَسَلَّم को शा'बान महिनाको बारेमा कथन छ: "शा'बान मेरो महिना हो र रमजान अल्लाह को महिना हो ।."**

*(अल्जामीअ़तुस़्सगीर लिस्सुसयूती पृ ३०१ ,हदीष ४८८९ ,दारुल्कुतुबुल्इल्मीय्यह बैरुत)*

## मर्ने वालाहरूको सुची बनाइने महिना

**हामी मो'मिनहरूको आमा ,हजरत सय्यिदतुना आइशा सिद्दिका رَضِیَ اللہُ تَعَالٰی عَنْھَا ले भन्नुहुन्छ :परोक्ष्यज्ञाता हाम्रो नबी صَلَّی اللہُ تَعَالٰی عَلَیْہِ وَاٰلِہٖ وَسَلَّم शा'बानको पूरै महिना भरी रोजा) व्रत (बस्नुहुन्थ्यो । उहाँले भन्नुहुन्छ की मैले सोधे" :हे रसूलुल्लाह صَلَّی اللہُ تَعَالٰی عَلَیْہِ وَاٰلِہٖ وَسَلَّم के तपाईं सबै महिनाहरू मध्ये शा'बानमा रोजा बस्न बढी मन पराउनुहुन्छ? "रसूलुल्लाह صَلَّی اللہُ تَعَالٰی عَلَیْہِ وَاٰلِہٖ وَسَلَّم ले भन्नुभयो" अल्लाह عَزَّوَجَلَّ ले यो वर्षमा मर्नेवाला हरेक जीवित को नाम लेखिदिनुहुन्छ र मलाई यो मन पर्छ की म रोजामा भएको बेलामा नै मेरो यो संसारबाट प्रस्थान होस् ।.**

*(मुस्नद अबी या'ला ,भाग ४ , पृ २७७ ,हदीष ४८९ ,दारुल्कुतुबुल्इल्मिय्यह बैरुत)*

## नाजुक निर्णय

**प्यारा इस्लामी दाजुभाईहरू ! यो १५ शा'बानको रात कती नाजुक छ । के थाहा कसको भाग्यमा के लेखियोस् । यस्तो पनि हुन सक्छ की मानिस आफ्नै धुनमा लापरवाही गरीरहेको हुन्छ र उसको बारेमा केही को केही निर्णय भईसकेको हुनेछ। गुन्यतुत्तालीबीनमा लेखिएको छ :धेरै कफनहरू धोएर तैयार राखिएको हुन्छ तर ती कफन धारक बजारमा डुलीरहेका हुन्छन् , धेरै मानिसहरू यस्ता हुन्छन् की उनीहरूको कब्र खनिएर तैयार हुन्छ तर त्यसमा दफ्न हुनेवालाहरू खुशीमा मस्त भइरहेका हुन्छन् केही मानिस हाँसीरहेका हुन्छन् जब की उनीहरूको मृत्यु नजीक आइसकेको हुन्छ । कयौं भवनहरूको निर्माण पूरा भइसकेको हुन्छ तर साथ साथै ती भवनहरूको मालिकहरूको आयु पनि पूरा भइसकेको हुन्छ ।."**

*(गुन्यतुत्तालिबीन भाग १ , पृ ३४८)*

## मुक्तिबाट वंचितहरू

**प्यारा इस्लामी दाजुभाईहरू ! शबेबरात एकदमै महत्वपुर्ण रात हो । कुनै हालतमा पनि यस रातलाई अल्छी भई लापरवाही गरी खेरा फाल्नुहुँदैन ,यस रातमा विशेष गरी अल्लाह عَزَّوَجَلَّ को रहमतको वर्षा हुन्छ । यस पवित्र रातमा अल्लाह عَزَّوَجَلَّ ले बनी कल्ब को बाख्राहरूको रौंहरूको संख्या भन्दा पनि बढी मानिसहरूलाई जहन्नम) नर्क (बाट मुक्त गर्नुहुन्छ । किताबहरूमा लेखिएको छ :बनी कल्ब कबीलाका मानिसहरूले अरब देश भरीमा सबै भन्दा बढी बाख्राहरू पाल्ने गर्दथे । तर अफ्सोस् ! केही अभागीहरू यस्ता पनि छन् जसलाई छुटकारा पाउने रात शबेबरातमा पनि मुक्ति प्राप्त नहुने चेतावनी दिइएको छ । हजरत सय्यिदुना इमाम बैहक्कि शाफई رَحْمَۃُ اللہِ تَعَالٰی عَلَیْہ ले फजाइलुल्औका़तमा लेख्नुहुन्छ :हामी पापीहरूका उद्धारक ,मन मस्तिष्कका प्रशन्नदायक हाम्रा प्यारा नबी हजरत मुहम्मद صَلَّی اللہُ تَعَالٰی عَلَیْہِ وَاٰلِہٖ وَسَلَّم को उपदेशमुलक कथन छ :छ मानिसहरूले यस रातमा पनि मुक्ति पाउँदैनन्:**

1. **मादक पदार्थको अम्मली**
2. **बुबा आमाको अवज्ञाकारी**

3. व्यभीचारको अम्मली
4. नाता तोड्ने वाला
5. जीवितहरूको तस्वीर बनाउने वाला र
6. कुरा लाउने वाला ।

*(फज़ाइलुल्औक़ात भाग १, पृ १३ हदीष २७ मक्तबतुल्मिनारह, मक्कतुल्मुकर्रमह)*

यसरी नै काहिन) ज्योतिषी(, जादुगर ,घमण्डको साथ पाइजामा वा लुंगी गोली गाँठो भन्दा तलसम्म झुण्ड्याई लगाउने वाला र कुनै पनि मुस्लिमसँग द्वेष , इर्ष्या को भावना राख्ने वाला ले पनि यस रात मुक्ति नपाउने चेतावनी दिइएको छ । त्यसकारण यदि कुनै मुसल्मान مَعَاذَ اللّٰه عَزَّوَجَلّ माथी उल्लेख गरीएको गुनाहहरू मध्य कुनै गुनाहमा परेका छन् भने खास गरेर त्यस गुनाहबाट र सबै गुनाहहरूबाट साँचो प्रायश्चित गरी शबेबरात आउनु भन्दा पहिलानै बरू आज नै अहिले नै साँचो तौबा) पापहरू बाट प्रायश्चित तथा फेरी ती पापहरू नदोहोर्‍याउने दृढ संकल्प (गरीहाल्नुहोस् । यदि अरू कसैको अधिकार हनन् हुने कार्य भएको छ भने तौबा गर्नु होस् र तौबाको साथ साथ त्यस पिडित सँग पनि क्षमा माग्नु वा क्षतिपुर्ती दिनु आवश्यक छ ।

## शा'बान १५ को रोजा

हजरत अलीयुल् मुर्तजा كَرَّمَ اللّٰهُ تَعَالٰى وَجْهَهُ الْكَرِيْم ले विवरण गर्नुहुन्छ की प्यारा नबी हजरत मुहम्मद صَلَّى اللّٰهُ تَعَالٰى عَلَيْهِ وَاٰلِهٖ وَسَلَّم को महान कथन छ ":जब पन्ध्र शा'बानको रात आएमा त्यसमा कियाम) अल्लाह عَزَّوَجَلّ को उपासना गर (र दिनमा रोजा) व्रत (बस ,नि:सन्देह अल्लाह عَزَّوَجَلّ सुर्यास्त पछी सांसारिक आकाशमा विशेष तजल्ली फरमाउनुहुन्छ र भन्नुहुन्छ ":छ कोही मुक्ती माग्नेवाला की उसलाई मुक्ती दिऊँ ! छ कोही रोजी) जीवीका चलाउनका निमित्त (माँगने वाला की उसलाई रोजी प्रदान गरूँ ! छ कोही तनावयुक्त की उसलाई तनावमुक्त गरीदीऊँ ! छ कोही यस्तो ! छ कोही यस्तो "! र यो आव्हान सुर्योदय नभइन्जेल सम्म हुँदछ । *(सुनने अबी माजा, भाग २, पृ १६०, हदीष १३८८, दारुल् मा रिफह बैरुत)*

## लाभदायक कुरा

शबेबरातमा) वार्षिक (आ'मालनामा) कर्म पात्रो (परीवर्तन हुन्छ । त्यसैले सके सम्म १४ शा'बानुल् मुअज्जममा रोजा बसौं ताकी आ'मालनामाको अन्तिम दिनमा पनि रोजा लेखियोस् । १४ शा'बानको अस्रको नमाज मस्जिदमा) जमाअतको साथ ( पढी त्यहीं नफ्ली इ'तिकाफको नियत गरौं र मग्रीबको नमाजको प्रतिक्षामा मस्जिदमै बसौं । ताकी आ'मालनामा परीवर्तन हुने अन्तिम क्षणहरूमा मस्जिदमा उपस्थीती ,ए'तिकाफ र नमाजको प्रतिक्षा आदी जस्ता असल कार्यहरूको पुण्य लेखियोस् । अझ सारा रात इबादत) अल्लाह عَزَّوَجَلّ को उपासना तथा पुण्य वाला कार्यहरू (मा व्यतित गरौं । यो ठूलो सौभाग्यको कुरा हो ।

## वर्ष भरी जादु बाट सुरक्षा

दा'वते इस्लामीको इशाअती विभाग मक्तबतुल मदीनाको १७० पेजको पुस्तक" इस्लामी जिन्दगी "पृष्ठ १३४ मा लेखिएको छ" :यदि यो रात) शबेबरात (मा बयरको बोटको सात वटा पातहरू पानीमा उमालेर) पानी सेलाई स्नान गर्न योग्य भएपछी ( गुस्ल) स्नान (गरियो भने वर्षभरी नै जादु तथा टुनामुना को असरबाट सुरक्षा हुनेछ ।

## मग्रीब पश्चातको ६ नवाफिल

औलियाए किराम) رَحِمَهُمُ اللّٰهُ تَعَالٰی अल्लाह عَزَّوَجَلَّ को महान भक्तहरू (को कर्यसुची मध्येको कुरा हो की मग्रीबको फर्ज , सुन्नत इत्यादी पश्चात ६ रकअत नफ्ल दुई दुई रकअत गरी पुरा गरौं पहिलो दुई रकअत पढ्नु भन्दा पहिला नियत गर्नुहोस्" :हे अल्लाह عَزَّوَجَلَّ यो दुई रकअतको बरकतबाट सफल शान्तिपुर्ण दिर्घायू प्रदान गर्नुहोस् । दोस्रो दुई रकअतमा नियत गर्नुहोस् की" हे अल्लाह عَزَّوَجَلَّ यो दुई रकअतको बरकतबाट मलाई संकटहरूबाट सुरक्षित राख्नुहोस् । "तेस्रो दुई रकअतको लागि नियत गर्नुहोस्" हे अल्लाह عَزَّوَجَلَّ यो दुई रकअतको बरकतबाट आफ्नो बाहेक अरू कसैको निर्भर नपार्नुहोस् "। यो छ रकअतमा सुरह फातिहा पछी जुनसुकै सुरह पढ्न मिल्छ । उत्तम यो हुन्छ की सुरह फातिहा पछी सुरह इख्लास ३\३ पटक पढ्नुहोस् । हरेक दुई रकअत पश्चात २१ पटक सुरह इख्लास  वा एक पटक सुरह यासीन शरीफ पढ्नुहोस् ,अझ सके सम्म दुइटै पढ्नुहोस् । यो पनि हुनसक्छ की कुनै एक जनाले चर्को आवाजमा यासीन शरीफ पढुन् र अरू चुपचाप ध्यान दीई सुनुन् । यसमा यो ध्यान रहोस् की यस बीच अरू कुनैले पनि मुखबाट यासीन शरीफ वा अरू केही नपढ्नुहोस् र यो मुद्दा एकदमै स्मरण रहोस् की जब कुर्आन शरीफ चर्को आवाजमा पढिन्छ जो सुन्नका लागि उपस्थित छन् ती माथी यो फर्ज ऐन) अनिवार्य (छ की  उनीहरूले चुपचाप ध्यानपुर्वक सुनुन ।اِنْ شَآءَاللّٰه عَزَّوَجَلَّ  रातको शुरूवातमा नै षवाब) पुण्य (को ताँती लाग्नेछ) वर्षा हुनेछ (। हरेक पटक यासीन शरीफ पश्चात" दुआए निस्फे शा'बान "पनि पढ्नुहोस्।.

## सगे मदीना عُفِیَ عَنْهُ को मदनी आग्रहहरू

اَلْحَمْدُ لِلّٰه عَزَّوَجَلَّ! सगे मदीना عُفِیَ عَنْهُ को सालौंसाल बाट माथी उल्लेखित तरीकाबाट शबेबरातमा ६ नवाफिल ,तिलावत इत्यादिको बानी छ ।  मग्रीब पश्चात गरिने यो इबादत नफ्ली हो ,फर्ज वा वाजिब होइन र मग्रीब पश्चात कुर्आन को तिलावत इस्लामी कानुनमा कुनै ठाउँमा मनाही छैन । त्यसैकारण सम्भव भएसम्म हरेक) इस्लामी (भाईले आ-आफ्नो मस्जिदहरूमा मग्रीब पश्चात ६ नवाफिलको प्रबन्ध मिलाउनुहोस् र अत्याधिक षवाब कमाउनुहोस् । इस्लामी दिदीबहिनीहरूले चाँही आ-आफ्ना घरमा यी इबादत गर्नहोस् । अल्लाह عَزَّوَجَلَّ र रसूल صَلَّی اللّٰهُ تَعَالٰی عَلَیْهِ وَاٰلِهٖ وَسَلَّم को प्रशन्न प्राप्तिका लागी आफ्नो क्षेत्रमा हुने सुन्नतले भरीपुर्ण साप्ताहिक इज्तिमामा सहभागी हुनुहोस् ,मदनी काफिलामा यात्रा गर्नुहोस् ,असल चरित्र वाला मुस्लिम बन्नको लागी मदनी इन्आमातको पकेट साइजको पुस्तिका प्राप्त गरी दैनिक यसलाई भर्नुहोस् । दुआए निस्फे शा'बान र थप जानकारीका लागी" आकाका महिना "नाम गरेको पुस्तक मक्तबतुल् मदीनाको कुनै पनि शाखा बाट प्राप्त गरी अवश्य पढ्नुहोस् ।

## अत्तारको प्रार्थना

हे  अल्लाह عَزَّوَجَلَّ जसले यो पम्फ्लेट कम्तिमा १५ प्रति बाँड्छ वा उपयुक्त स्थानमा टाँस्छ उसलाई दुबै लोकमा सफलता प्रदान गर्नुहोस् ।

اٰمِیْن بِجَاهِ النَّبِیِّ الْاَمِیْن صَلَّی اللّٰهُ تَعَالٰی عَلَیْهِ وَاٰلِهٖ وَسَلَّم

*6 Sha'ban-ul-Mu'azzam 1431 AH*
*19-July-2010*